लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP)

प्रादेशिक कार्यक्रम सहयोग इकाई (PPSU)

राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम प्रादेशिक कार्यक्रम सहयोग इकाई राप्ती उपत्यका (देउखुरी), नेपाल

**परियोजना प्रस्ताव स्वीकृत भएको जानकारी सम्बन्धमा**

प्रकाशित मितिः २०८२/०२/०६

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) को स्वीकृत कार्यक्रम अनुसार प्रादेशिक कार्यक्रम सहयोग इकाई (PPSU) बाट नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहलाई लक्षित गरी प्रकाशित सूचना अनुसार अवधारणापत्र पेश गरेका ११ (एघार) वटा स्थानीय तहका अवधारणापत्र प्राविधिक समितिको मूल्याङ्कनबाट ग्राह्य रहेकोले पूर्ण प्रस्ताव आव्हान गरिएकोमा प्राप्त पूर्ण प्रस्तावहरु नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम प्राविधिक समितिबाट मूल्याङ्कन हुँदा प्राप्त गरेको अङ्कभारका आधारमा निर्धारण भएको योग्यताक्रम अनुसार उपलब्ध बजेट सीमा समेतका आधारमा परियोजना प्रस्तावहरु छनौट तथा स्वीकृत गर्न प्रादेशिक निर्देशक समिति समक्ष पेश गरिएकोमा तपसीलका परियोजना प्रस्तावहरु नवप्रवर्तन साझेदारी कोषबाट अनुदान प्राप्त गर्न ग्राह्य रहेको भनी मिति २०८२/०२/०६ को प्रादेशिक निर्देशक समितिको बैठकबाट निर्णय भएकोले प्रस्ताव स्वीकृत भएका स्थानीय तहहरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र परियोजना कार्यान्वयनको सम्झौता गर्न आउन हुन अनुरोध गरिन्छ। परियोजना कार्यान्वयन सम्झौता हुने मिति र स्थान पत्राचार गरी जानकारी गराइनेछ।

तपसिलः

| क.स. | जिल्ला | स्थानीय तह | प्रस्तावित परियोजनाको नाम |
|---|---|---|---|
| १. | बर्दिया | ठाकुरबाबा नगरपालिका | दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी, कृषिको रुपान्तरणमा हामी सबैको साझेदारी |
| २. | पाल्पा | तानसेन नगरपालिका | तानसेन उद्यमशिलता तथा पर्यटन विकास कार्यक्रम |
| ३. | रुपन्देही | मायादेवी गाउँपालिका | स्मार्ट मायादेवी, समृद्ध मायादेवी (मायादेवी गाउँपालिकामा ई-गभर्नेन्स प्रवर्द्धन कार्यक्रम) |
| ४. | प्युठान | सरुमारानी गाउँपालिका | डिजिटल विद्यालय कार्यक्रम |
| ५. | नवलपरासी (ब.सु.प.) | रामग्राम नगरपालिका | आर्थिक तथा सामाजिक विकासका लागि समुदायमुलक पर्यटन (होमस्टे प्रवर्द्धन) सँगै उद्यमशिलता कार्यक्रम |
| ६. | गुल्मी | छत्रकोट गाउँपालिका | सूचना प्रविधि मैत्री शिक्षा |
| ७. | रुपन्देही | शुद्धोदन गाउँपालिका | गाउँपालिकामा विद्युतिय शासनका लागि ई-सिफारिस प्रवर्द्धन कार्यक्रम |

पुनश्चः मायादेवी गाउँपालिका, कपिलवस्तु, सुनछहारी गाउँपालिका, रोल्पा, मल्लरानी गाउँपालिका, प्युठान र यशोधरा गाउँपालिका, कपिलवस्तुले पेश गरेका परियोजना प्रस्तावहरु प्राविधिक समितिको मूल्याङ्कनबाट प्राप्त अङ्कभार एवम् उपलब्ध बजेट सीमा समेतका आधारमा प्रादेशिक निर्देशक समितिको मिति २०८२/०२/०६ को निर्णयबाट छनौट तथा स्वीकृत नभएको व्यहोरा सूचित गरिन्छ।

थप जानकारीका लागिः९८६८०१९०४६

२०८२/०२/०६

प्रदेश कार्यक्रम व्यवस्थापक

प्रदेश कार्यक्रम व्यवस्थापक